# अवधारणापत्र

**१. पृष्ठभूमिः**

वि.स २०१३ साल चैत्र २० गते चितवनमा बखान ऋण सहकारी समितिको स्थापना भएपछि शुरूवात भएको नेपालको सहकारी अभियान व्यापक रूपमा अगाडि वढेको पाइन्छ । हाल मुलुकमा विभिन्न प्रकृतिका ३४ हजार ५ सय १२ सहकारी संस्थाहरू, ६९ वटा जिल्ला सहकारी संघ, २५६ वटा विषयगत जिल्ला स्तरीय सहकारी संघ, २० वटा विषयगत केन्द्रीय सहकारी संघ, १ राष्ट्रिय सहकारी बैंक र शीर्षस्थ निकायका रूपमा १ राष्ट्रिय सहकारी महासंघको गठन भई क्रियाशिल रहेका छन् । ५१ प्रतिशत भन्दा वढी महिलाहरूको सहभागिता सहित ६३ लाख ५ हजार ५८१ व्यक्तिहरूको संलग्नता रहेको सहकारी क्षेत्रले पूँजी निर्माण, सामाजिक एकीकरण, नेतृत्व विकास, लैंगिक समानता, उद्यमशिलताको विकासका साथै गरीवी न्यूनीकरणमा उल्लेख्य योगदान पुऱ्याउदै आएको छ ।

नेपालको संविधानले तीन खम्वे अर्थनीतिलाई आत्मसात गर्दै सहकारी क्षेत्रलाई महत्वपूर्ण खम्वाको रूपमा स्वीकारेको छ । समग्र वित्तीय क्षेत्र र कुल गार्हस्थ उत्पादनमा यस क्षेत्रको योगदान क्रमश वृद्धि हुँदै गएको छ । सहकारी ऐन, २०७४ लागु भई सहकारी अभियानले नयाँ गति लिएको पाइन्छ ।

वि.सं. २०७० चैत्र ११ देखि १३ गतेसम्म काठमाडौंमा "सहकारीमार्फत दिगो आर्थिक विकास तथा सामाजिक न्याय" भन्ने थिमका साथ सफलतापूर्वक सम्पन्न प्रथम राष्ट्रिय सहकारी महासम्मेलनले प्रक्षेपण गरेको अधिकांश सुचाकांक पुरा भएको र आगामी दिनमा पुरा हुने सम्भावना देखिन्छ ।

**प्रथम राष्ट्रिय सहकारी महासम्मेलनले सन् २०२० सम्मका लागि प्रक्षेपण गरेका लक्ष्यहरू र हालसम्मको प्रगति**

| क्र.सं. | क्रियाकलाप | सन् २०२० सम्मको लक्ष्य | हालसम्मको प्रगति |
|---|---|---|---|
| १. | सहभागिता | | |
| १.१ | सहकारीमा आवद्ध सदस्य संख्यामा वृद्धि | ८० लाख | ६३ लाख |
| १.२ | महिला तथा युवाहरूको पहुँच विस्तार | | |
| | महिला | | |
| | सदस्य | ५० प्रतिशत | ५१ प्रतिशत |
| | नेतृत्व तहमा | ४० प्रतिशत | ३८ प्रतिशत |
| | युवा सहभागितामा वृद्धि | ६० प्रतिशत | |
| १.३ | सवै गाँउ विकास समितिमा सहकारीको सञ्जाल विस्तार | स्थापना नभएका गाविसमा स्थापना | |
| १.४ | सवै जिल्लामा सहकारी कार्यालयको स्थापना | ७५ वटै जिल्लामा सहकारी कार्यालयको स्थापना | मुलुक संघीय संरचनामा गएकोले सवै स्थानीय तहले सहकारी हेर्न सक्ने |
| २. | स्थिर विकास | | |
| २.१ | सहकारी शिक्षा, अध्ययन अध्यापनमा | माध्यमिक, उच्चमाध्यमिक र | पहल भैरहेको |

| | | | |
|---|---|---|---|
| | व्यापकता | विश्व विद्यालयको पाठ्यक्रममा छुट्टै सहकारी विषयको पठनपाठन | |
| २.२ | सहकारी उद्यमशिलताको विकासका लागि तालिममा व्यापकता | ५ लाख | व्यापक भएको |
| २.३ | सहकारी सूचना प्रणालीको स्थापना | अनलाइन पठाउने प्रविधिको विकास | कोपोमिस लागु भएको |
| २.४ | सहकारी संघ/संस्थाको एकीकरण | ५ हजार | एकीकरण भैरहेको |
| २.५ | जिल्ला तथा केन्द्रीय संघहरूको संस्थागत सुदृढीकरण | ७५ प्रतिशत | भैरहेको |
| २.६ | लघु उद्योगको स्थापना (कृषिसम्वन्धित) | ४५० वटा | केही स्थापना भई संचालनमा रहेको |
| २.७ | मझौला सहकारी उद्योगको स्थापना | ६ वटा | भैरहेको |
| २.८ | कृषि उत्पादन, भण्डारण, प्रशोधन, वजारीकरण तथा कृषि सामाग्री आपूर्तिमा पहुँच विस्तार | १५ वटा थोक वजार केन्द्रको स्थापना | पहल भैरहेको |
| २.९ | विशिष्ट स्तरको सहकारी सुपथ मूल्य पसलको स्थापना | २०० वटा | केही रहेको |
| २.१० | स्वास्थ्य, शिक्षा, यातायात, लघु तथा मझौला जलविद्युत, पर्यटन, विमा लगायतका सेवा व्यवसायमा पहुँच विस्तार | ५० वटा | कानुनी अडचनका कारण वीमा सम्वन्धी कार्य हुन नसकेको र अन्य केही भएको |
| २.११ | फोहोरमैला व्यवस्थापन, नवीकरणीय उर्जा उत्पादन लगायत पर्यावरणीय संरक्षणमा सहकारी | पर्यावरणीय संरक्षणमा कार्य | |
| २.१२ | सहकारी आवासको विकास | १० वटा | सहकारी आवास सम्वन्धी कार्यविधि तर्जुमा भएको |
| २.१३ | सहकारी डाटा बैंकको स्थापना | | कोपोमिस लागु भएको |
| २.१४ | प्रभावकारी अनुगमन तथा नियमन प्रणालीको विकास | सरकार र सहकारी अभियानको संलग्नतामा छुट्टै संयन्त्रको विकास | सदस्य संघ/संस्थाका लागि महासंघ लगायत संघहरूलाई अनुगमनमा संलग्न हुने व्यवस्था ऐनमा भएको |
| ३. | पहिचान | | |
| ३.१ | स्वनियमनको पालना भई सहकारी सुशासन कायम | | |
| ३.२ | सहकारीमा साइनवोर्ड र लोगोमा एकरूपता | | साइनवोर्डमा एकरूपता आएको |
| ३.३ | सहकारीबाट उत्पादित वस्तुको व्राण्ड निर्माण | | आ-आफ्नै ब्राण्डमा केही सहकारी संघ/संस्थाका उत्पादनहरू |

| | | | |
|---|---|---|---|
| | | | वजारीकरण भैरहेको |
| ४. | कानूनी वातावरण | | |
| ४.१ | क) संविधानमा सहकारीको उचित स्थान र सहकारी ऐन, नियमावली परिमार्जन | परिमार्जन हुने | संविधानद्धारा मान्यता प्रदान र नयाँ विधेयक संसदबाट पारित |
| | ख) विषयगत ऐनहरू तर्जुमा हुने | तर्जुमा हुने | |
| ४.२ | सम्वन्धित ऐनहरूको परिमार्जन | परिमाजर्नन हुने | |
| ४.३ | सहकारी मैत्री कर प्रणालीको विकास | सहकारी मैत्री कर | नयाँ विधेयकमा संवोधन |
| ४.४ | पुराना साझा संस्थाहरूको सहकारीकरण | ४ वटा | २ वटा |
| ५ | शेयर पूँजी | | |
| ५.१ | शेयर पूँजीमा वृद्धि | ४२ अर्व | ७१ अर्व |
| ५.२ | सहकारी बचत सुरक्षण कोष, सहकारी ऋण सुरक्षण कोष, कर्जा सूचना केन्द्रको स्थापना | सहकारीबाट हुने वित्तीय कोरोवारको सुनिश्चितता | नयाँ विधेयकमा व्यवस्था |
| ५.३ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी सञ्जालमार्फत व्यवसाय विस्तार | सम्भाव्य वस्तुहरूको वजारीकरण | |

उल्लेखित प्रथम राष्ट्रिय सहकारी महासम्मेलनले तय गरेका लक्ष्यहरूमा सकारात्मक प्रगति भएको पाइन्छ । कतिपय लक्ष्यहरू सरकार र सरोकारवाला निकायहरूको संयुक्त प्रयासबाट मार्फत सम्भव हुने भएकोले समेत उक्त प्रगतिहरूको समीक्षा गर्दै आगामी दिशा तय गर्नका लागि राष्ट्रिय सहकारी महासंघ लि., सहकारी तथा गरिवी निवारण मन्त्रालय, राष्ट्रिय सहकारी विकास वोर्ड, सहकारी विभाग, सवै विषयगत केन्द्रीय सहकारी संघहरू, राष्ट्रिय सहकारी बैंक लगायत सरोकारवाला निकायहरूको संयुक्त सहभागितामा चालु आ.ब. भित्र हालसम्मको सहकारी अभियानका उपलव्धीहरूको समीक्षा गर्दै आगामी दिशानिर्देश गर्ने उद्देश्यका साथ दोश्रो राष्ट्रिय सहकारी महासम्मेलन आयोजना गर्नका लागि यो अवधारणापत्र तयार पारिएको छ ।

**२. नाराः '..दिगो विकास लक्ष्य प्राप्तिका लागि सहकारी.'**

**३. उद्देश्य**

दोश्रो राष्ट्रिय सहकारी महासम्मेलनका मूख्य उद्देश्यहरू देहाय वमोजिम हुनेछन् ।

३.१ नेपालको सहकारी अभियानको हालसम्मका उपलव्धीहरूको सिंहावलोकन,
३.२ सन् २०३० सम्मको दिगो विकास लक्ष्य प्राप्तिका लागि सहकारी क्षेत्रको सहभागिता तथा योगदानमा वृद्धि गर्ने,
३.३ सरकार तथा सहकारी अभियान एवंम् सरोकारवाला निकायहरूवीच सुदृढ सम्वन्ध र समन्वयको विकास
३.४ सहकारी क्षेत्रको साझा समस्याको पहिचान तथा भावी कार्यदिशा निर्दिष्ट
३.५ अन्तर्राष्ट्रिय सहकारी महासंघको लक्ष्य अनुरूप सहकारी दशकभित्र सहकारी व्यवसायको सुदृढीकरण
३.६ सहकारी संघ/संस्थाहरू वीच ऐक्यवद्धता एवं साझा प्रतिवद्धता,

**४. कार्यक्रमको नामः** **दोश्रो राष्ट्रिय सहकारी महासम्मेलन**

**५. आयोजकः** राष्ट्रिय सहकारी महासंघ लि. नेपाल र सहकारी तथा गरीवी निवारण मन्त्रालय
**सह आयोजकः** राष्ट्रिय सहकारी विकास वोर्ड राष्ट्रिय सहकारी बैंक तथा विषयगत केन्द्रीय सहकारी संघहरू

**प्रायोजक**: प्रायोजन गर्ने सहकारी संस्थाहरू तथा अन्य सरोकारवाला निकायहरू

**६. कार्यक्रमको मितिः** २०७४ चैत्र २१ र २२ गते

**७. कार्यक्रम स्थान**:

सोल्टी होटल, कालीमाटी, काठमाडौं

**८. सहभागी संख्या**:

- नेपाल सरकार, बोर्ड, सहकारी संघ/संस्थाका प्रतिनिधिहरू, सरोकारवाला निकायहरू –करीव १,००० जना (रजिष्ट्रेशन भएका मात्र)
- अन्तर्राष्ट्रिय निकायका प्रतिनिधिहरू/विदेशी कुटनितिज्ञहरू – ५० जना

**९. सहभागी छनौट प्रक्रिया**:

- नेपाल सरकार, सहकारी तथा गरीवी निवारण मन्त्रालय लगायत अन्य सम्वन्धित मन्त्रालयहरू, राष्ट्रिय सहकारी विकास वोर्ड, सहकारी विभाग तथा डिभिजन सहकारी कार्यालयका प्रतिनिधिहरू
- राष्ट्रिय सहकारी महासंघ लगायत विषयगत केन्द्रीय संघ/सहकारी बैंकका पदाधिकारीहरू
- संघीय व्यवस्थापिका तथा प्रदेश व्यवस्थापिकाका सदस्यहरू
- विश्वविद्यालयका प्राज्ञहरू
- निजी क्षेत्रका प्रतिनिधिहरू
- प्रदेश तथा जिल्ला स्तरीय संघहरूका प्रतिनिधिहरू
- सवै विषयगत समेट्ने गरी निश्चित प्रारम्भिक सहकारी संस्थाहरूका प्रतिनिधिहरू
- सरोकारवाला निकायका प्रतिनिधिहरू
- सहकारी विज्ञहरू
- मिडियाका प्रतिनिधिहरू

**१०. कार्यक्रम संचालन गर्ने विधि**:

**कार्यक्रमलाई व्यवस्थित रूपमा संयोजनका लागि आयोजक तथा सरोकारवाला निकायहरूको सहभागितामा एक मूल समारोह समिति र स्टेरिङ्ग कमिटिको गठन गरिनेछ । आवश्यकतानुसार अन्य उपसमितिहरूको गठन हुनेछ । मूल समारोह समिति र स्टेरिङ्ग कमिटिको प्रारूप छुट्टै अनुसूचिमा संलग्न गरिएको छ ।**

- **पहिलो दिनः पहिलो शत्र**
  **विहान ८ वजेदेखि ५ वजेसम्म**
    - उद्घाटन सत्र
    - साझा कार्यपत्र प्रस्तुति तथा टिप्पणी
    - विषयगत कार्यपत्रहरू प्रस्तुति तथा टिप्पणी
- **दोश्रो दिनः विहान ८ वजेदेखि ५ वजेसम्म**
    - विषयगत कार्यपत्रहरू प्रस्तुति तथा टिप्पणी
    - विज्ञहरूको समूहद्धारा सामूहिक छलफल तथा निश्कर्ष
    - घोषणापत्र जारी गर्दै समापन

कार्यक्रम अवधिभर कार्यक्रम स्थलमा सहकारी संघ/संस्थाबाट उत्पादित वस्तुको प्रर्दशनीको व्यवस्था गरिनेछ ।

**११. कार्यक्रममा प्रस्तुत कार्यपत्रका विषयहरू**

- नेपालको सहकारी अभियानः सन् २०२२ सम्मको परिकल्पना
- सहकारी संघ/संस्थाको प्रवर्द्धनमा स्थानीय, प्रादेशिक तथा संघीय सरकारको भूमिका, तहगत संरचना र नीति
- तीन खम्वे अर्थनीतिका सन्दर्भमा सहकारी निजी तथा सार्वजनिक क्षेत्रवीच सहकार्य (Building Partnership among Public, Private and Cooperatives with reference to the three pillar economy)
- दिगो विकास लक्ष्य कार्यान्वयनका लागि सहकारी क्षेत्रको सहभागिताः राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दृष्ट्रिकोण (Participation of Cooperatives for the implementation of SDGs: National and International Prospective)
- सहकारीमा युवा तथा लैगिक सहभागिता (Youth and Gender Involement in Cooperatives)
- सुशासनः सहकारीको दिगो विकासको महत्वपूर्ण पक्ष (Good Governance: a Key aspect of Cooperatives Sustainblity)
- C2C business Model: challenges and potentialities
- Strategic engagment of Development Partners for achieving SDGs
- वित्तीय सहकारी संघ/संस्थाको वर्तमान अवस्था, चुनौती र आगामी कार्यदिशा (Current Status of Financial Cooperatives its Challenges and Way forward)
- सहकारीमा प्रविधिको प्रयोग (Usage of Technology in Cooperatives)
- सहकारीका सफल अभ्यासहरू
- सहकारीमा नेतृत्व विकास उत्प्रेरणात्मक प्रवचन

**१२. स्रोत व्यक्तिः राष्ट्रिय तथा अन्तर्राष्ट्रिय** विषयविज्ञहरू

**१३. सहभागीहरुलाई सुविधाः** स्टेशनरी, व्याग, खाजा तथा दिउँसोको खाना र चियापान

**१४. अनुमानित वजेटः करीव** रु. १,२८,००,०००/– एक करोड अठ्ठाइस लाख मात्र (वजेटको विस्तृत विवरण छुट्टै संलग्न)

**१५. आर्थिक स्रोतः** नेपाल सरकारबाट रू. ६४ लाख
दातृ निकाय
सहकारी संघ/संस्थाहरू
सहभागी रजिष्ट्रेशन शुल्क – प्रतिव्यक्ति रू. १० हजार

**१६. प्रतिवेदनः तयारी समिति – राष्ट्रिय सहकारी महासंघ र मन्त्रालयको संयुक्त सहभागितामा हुनेछ ।**

**१७ः अपेक्षित उपलव्धीः**

- सन् २०३० सम्मको दिगो विकास लक्ष्य प्राप्तिमा सहकारी क्षेत्रको योगदानमा वृद्धि हुनेछ ।

- सहकारी क्षेत्रमा हालसम्म भएका उपलव्धीहरूको पूनर्मूल्याङ्कन गर्दै संस्थागत हुनेछ ।
- सहकारी क्षेत्रमा देखिएका साझा समस्याको पहिचान र समाधानका लागि साझा प्रतिवद्धता प्रकट हुनेछ ।
- सरोकारवाला निकायहरुका वीच समन्वयात्मक सम्बन्धको विकास तथा विस्तार हुनेछ ।
- सहकारी क्षेत्रको लागि क्षेत्रगत विकासका नीतिहरू तर्जुमा गर्न सहयोग पुग्नेछ ।
- सरोकारवाला सरकारी, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सहकारी निकायहरूसंगको सम्वन्ध र सहकार्यमा वृद्धि हुनेछ ।
- सहकारीको अन्तरसम्वन्धित विषयहरूउपर छलफल भई तद्नुरूप अघि वढन मद्दत पुग्नेछ ।